# स्वयंसेविकालाई नि:शुल्क यातायात

गणेश विशु
बाँके, कात्तिक १०

तल्लो तहका डाक्टरका रूपमा चिनिने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सरकारले खटाएको कामकाज गर्न स्थलमा जान सार्वजनिक यातायातमा नि:शुल्क यातायात सेवा दिने सहमति भएको छ। स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडल र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका प्रतिनिधिसहितको बैठकले उक्त सहमति गरेको हो।

यो निर्णय कात्तिक १५ गतेदेखि लागू गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलले प्रदेश सरकारलाई पत्राचारसमेत गरेको छ। पश्चिम नेपालका पहाडी तथा हिमाली जिल्लामा काम गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका अझ बढी लाभान्वित हुनेछन्। यस सहमतिले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका उत्साहित भएका छन्। काममा थप ऊर्जा पैदा भएको उनीहरू बताउँछन्।

यस सहमति कार्यान्वयन हुने नहुने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले आशंका व्यक्त गरिरहेका छन्। यो कार्यान्वयन भयो भने स्वास्थ्य क्षेत्रमै यसले सकारात्मक सन्देश प्रवाह गर्ने उनीहरूको भनाइ छ। सम्बन्धित पालिकाले यातायात खर्च भनेर थोरै रकम दिएको हुन्छ तर त्यसले महिनाभरि बिरामीको घरघरमा पुगेर काम गर्न निकै कठिन हुने गरेको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भिमा शाहीले बताइन्। यसबाहेक बर्सेनि १० हजार रूपैयाँ सरकारले पोसाक भत्ता दिन्छ।

'हामी तल्लो तलमा गएर सरकारलाई नि:शुल्क सघाइरहेका छौं,' उनले भनिन्, 'हाम्रो परिश्रमको मूल्यांकन भएको छैन।' वडाभरि घुम्नलाई सरकार र यातायात व्यवसायीबीच भएको सहमति सकारात्मक भए पनि यसलाई अझ थप व्यवस्थित गर्नुपर्ने बताइन्। 'हामी बिरामी हुँदा जिल्ला बाहिर र वडा बाहिर जानु पर्ने हुन्छ। त्यस्तोबेला पनि सरकारले नि:शुल्क यातायात खर्चका लागि पहल गर्नुपर्छ।' कोहलपुर नगरपालिकाले मासिक दुई हजार रूपैयाँ यातायात खर्च दिने गरेको भन्दै उनले भनिन्, 'उक्त पैसाले कसरी धान्न सकिन्छ।' सरकारले ८१ वटा काम गर्न लगाउने र पारिश्रमिक नदिने गरेको उनी गुनासो गर्छिन्।

सरकार र यातायात व्यवसायीबीच भएको सहमति तल्लो तहसम्म स्पष्ट ढंगले नपुगेको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका बिना चालिसेले बताइन्। 'वडाभित्र मात्रै नि:शुल्क हो भन्ने सुनेका छौं,' उनले भनिन्, 'काम जिल्ला बाहिर पनि जानुपर्ने हुन्छ। त्यस्तो अवस्थामा के गर्ने ?' पहिलाभन्दा यातायातमा केही राहत भए पनि यसलाई थप व्यवस्थित गर्दै जानुपर्ने उनले बताइन्। योसँगै नि:शुल्क काम गरिरहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहनका कार्यक्रम ल्याउनुपर्ने उनको भनाइ छ।

नेपालका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पुऱ्याएको योगदान विश्वभरि नै चर्चाको विषय हुने गरेको छ। अन्य देशको तुलनामा नेपालमा अति न्यून अर्थात् करिब ४ प्रतिशत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले काम बीचमै छाड्ने गरेका छन्। यसले उनीहरूले कामप्रति गरेको प्रतिबद्धता र इमानदारी झल्किने स्वास्थ्यकर्मीहरू बताउँछन्।

# पोखरीको विषयमा भक्तपुर बहुमुखी क्याम्पस र नगरपालिकाबीच विवाद

कृष्णा किसी
भक्तपुर, कात्तिक १०

भक्तपुर नगरपालिका र भक्तपुर बहुमुखी क्याम्पसबीचको विवाद चुलिएको छ। यी दुई निकायबीच क्याम्पससँग जोडिएको ऐतिहासिक भाज्या पुखु (पोखरी) को सिमानाका विषयमा विवाद भएको हो।

भक्तपुर नगरपालिकाले क्याम्पसलाई क्याम्पसले चर्चेको उक्त पोखरीको जग्गा खाली गरिदिन आग्रह गर्दै आएको थियो। तर यस विषयमा क्याम्पसले कुनै सुनुवाइ गरेन। यसैकारण नगरपालिकाले यही कात्तिक ७ गते डोजर लगाएर सिमानाको संरचना भत्काइदिएको थियो। त्यसपछि विवाद बढेको छ। नगरपालिकाले शुक्रबार जारी गरेको दुई पृष्ठको प्रेस विज्ञप्तिमा क्याम्पसलाई वर्षौंदेखि चर्चेको पोखरीको जग्गा खाली गर्न आग्रह गर्दा उसले बेवास्ता गरेको आरोप लगाइएको छ। पटकपटकको अनुरोधलाई बेवास्ता गरेकाले तीन दिनको म्याद राखेर अन्तिमपटक पत्राचार गरेकोमा त्यसको पनि सुनुवाइ नभएकाले बाध्य भएर क्याम्पसको पर्खाल भत्काइदिनुपरेको नगरपालिकाले जनाएको छ।

नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामगोविन्द श्रेष्ठद्धारा जारी विज्ञप्तिमा लेखिएको छ, 'भक्तपुर नगरपालिकाको पत्रलाई बेवास्ता गरी बसेका कारण बाध्य भएर सीमा पर्खाल भत्काउनुपरेको यथार्थ जानकारी गराउँदै भत्काउन प्रयोग भएका डोजर र जनशक्तिको समेत नियमानुसार क्षतिपूर्तिको प्रक्रिया अगाडि बढाइने नै छ।' विज्ञप्तिमा अगाडि भनिएको छ, 'क्याम्पस प्रमुख जस्तो पदमा बस्ने व्यक्तिले नगरपालिकामाथि गलत र झुटो लाञ्छना लगाउनु उनको अयोग्यताको परिचय हो। जिम्मेवार पदमा बस्नेले जिम्मेवारीपूर्वक बोल्न र व्यवहार गर्न सिक्नु पर्छ।'

भाज्या पुखु र भक्तपुर क्याम्पस दुवै जनताको सम्पत्ति भएको र नगरपालिकाको मापदण्ड मिचेर जबरजस्ती सम्पदा मास्ने कार्यलाई नगरपालिकाले टुलुटुलु हेरेर बस्न नसक्ने विज्ञप्तिमा उल्लेख छ। 'क्याम्पसको सुरक्षा र सम्पदाको संरक्षणसमेतलाई ध्यान दिएर नगरपालिकाले पर्खालको नक्सा र लगत इस्टमेटसमेत स्वीकृत गरिसकेको सर्वसाधारणलाई जानकारी दिन चाहन्छौं', विज्ञप्तिमा उल्लेख छ।

नगरपालिकाले डोजर लगाएर पर्खाल भत्काइदिएकै दिन अनेरास्ववियु भक्तपुर बहुमुखी क्याम्पस समितिले नगरपालिकाले जबरजस्ती क्याम्पसको संरचना भत्काइदिएको भन्दै विरोध गरेको थियो। त्यसको भोलिपल्ट कात्तिक ८ गते भक्तपुर बहुमुखी क्याम्पसका प्रमुख डा. कविता लुइँटेल भट्टराईद्वारा जारी प्रेस विज्ञप्तिमा नगरपालिकाले जबरजस्ती सीमाको पर्खाल भत्काएको र आफूले विरोध गर्दा दुर्व्यवहारसमेत गरिएको आरोप लगाइएको थियो।

भक्तपुर बहुमुखी क्याम्पस जिल्लाकै पुरानो सरकारी क्याम्पस हो। भाज्या पुखु झन्डै आठ सय वर्ष पुरानो पोखरी हो। काठमाडौंको रानीपोखरी भन्दा पुरानो मानिएको यो पोखरी संरक्षणका लागि भक्तपुर नगरपालिकाले संरक्षणको पहल थालेको छ। पोखरीका चारै दिशाका डिलहरू खोल्ने क्रममा क्रममा क्याम्पससँग जोडिएको उतरतिरको डिल खोल्न डोजर लगाएर पर्खाल भत्काइएको हो।

## कांग्रेस–एमाले...

पृष्ठ १ बाट

२०६६ सालमा तत्कालीन प्रधानसेनापति रुक्मांगत कटवाललाई हटाउन खोज्दा नसकेपछि दाहालले प्रधानमन्त्रीबाट राजीनामा दिएर कार्यकर्तालाई सडकमा उतारेका थिए। त्यसपछि बनेको माधव नेपाल नेतृत्वको सरकारविरुद्ध पनि सडक र सदनमा मोर्चा खोलेर उनले आन्दोलन गरेका थिए। २०६९ सालमा तत्कालीन प्रधानन्यायाधीश रेग्मी अध्यक्षताको सरकार रहेका बेला भने माओवादीले विभिन्न मुद्दामा चर्को विद्रोही स्वर फलाँके पनि सडक आन्दोलन नै भने गरेन। तर २०७० सालको संविधानसभा निर्वाचनमा अप्रत्यासित नतिजा आउँदा भने अध्यक्ष दाहाललाई स्वीकार गर्न हम्मेहम्मे परेको थियो। केही ठाउँमा माओवादीले निर्वाचनमा धाँधली गरेर हराएको आरोप लगाउँदै प्रदर्शनसमेत गरेको थियो।

त्यसपछि बनेको कांग्रेस सभापति सुशील कोइराला नेतृत्वको सरकारका बेला संविधान निर्माणका क्रममा केही मत बाझिएका विषयमा बाहेक ठुलै आन्दोलन माओवादीले गरेन। अध्यक्ष दाहालले सत्तापक्षसँग समझदारीमै संविधान जारी गर्ने भूमिका खेलेका थिए। संविधान निर्माणपछि भने सरकार फेरबदल गर्दा दाहाल जहिल्यै चर्को सुनिए। यो अवधिमा माओवादी र अध्यक्ष दाहाल सरकार बनाउने र गिराउने प्रमुख पात्र नै बनिरहे। २०७४ सालको निर्वाचनपछि नेकपा कालमा प्रधानमन्त्री ओलीविरुद्ध पार्टीभित्रै चरम दबाब सिर्जना गर्दा ओलीले दुई पटक असंवैधानिक संसद् विघटन गरे। त्यसविरुद्ध नेकपाकै ब्यानरमा दाहाल माधवकुमार नेपालसहित सडकमा उत्रिएका थिए।

त्यसपछि माओवादी केन्द्र विपक्षमा पुगेको यसैपटक हो। २०७९ को निर्वाचनपछि कहिले कांग्रेस कहिले एमालेको काँध फेर्दै एक वर्ष ३०३ दिन सरकार चलाएका दाहालले नै पत्याउन नसक्ने गरी असार १७ गते कांग्रेस-एमालेले सात बुँदे सहमति गरे। त्यसपछि बनेको ओली नेतृत्वको सरकारलाई दाहालले अलोकतान्त्रिक र असंवैधानिक बाटोबाट बनेको भनेर विश्लेषण गरिरहेका छन्। यो सरकारले देशलाई निरंकुशतातिर लैजान खोजेको भन्दै उनले सुरुदेखि नै आरोप लगाउँदै आएका छन्। आफूले भ्रष्टाचारीविरुद्ध कारबाही गर्दा सरकार ढालेको उनको अर्को आरोप छ। प्रधानमन्त्री ओलीले संविधान नै मासेर देशलाई प्रतिगमनतिर लैजान खोजेको भनी दाहालले चर्को स्वरमा भन्दै आएका छन्। माओवादी केन्द्रको यसपटकको खबरदारी सभा पनि यिनै आरोपवरिपरि वकालत गरेर टुंगिएको छ।

खबरदारी सभामा दाहालले सरकार हटाउन नभई गणतन्त्रको रक्षाका लागि खबरदारी सभा गरिएको अध्यक्ष दाहालले दाबी गरे। 'अहिले सरकार हटाउन यो खबरदारी सभा गरिएको होइन,' दाहालले भने, 'संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका निम्ति हामीले के जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने कुरा हामीलाई गहिरो गरी बोध छ।' गणतन्त्र र संविधान माओवादी केन्द्रको त्याग र बलिदानको जगमा आएको दाबी गर्दै उनले कहीँकतैबाट आघात नपुगोस् भनेर खबरदारी सभा गरेको बताए। 'हामीले खबरदारी सभा नगर्ने हो, सरकारका बेथिति र भ्रष्टाचारी गतिविधिको विरोध नगर्ने हो भने संघीय लोकतान्त्रिक गणतन्त्र खतरामा पर्छ,' दाहालले भने। खबरदारी सभा घोषणा गर्दा सरकार आतंकित भएको दाहालले दाबी गरे। उनले भने, 'सरकार आजै ढल्छ, भोलि ढल्छ हामीले भनेका छैनौं। उहाँहरूले भन्नुभएको छ। खबरदार, तपाईंहरू सरकार ढल्छ भन्ने डरले अझ बढी बेथितितिर नजानुहोला।' माओवादीले अहिले नै सडकबाट सरकार फेर्न हतारो गरेको भन्ने भ्रम नपाल्न उनले आग्रह गरे।

यस्तै आफूले कांग्रेस-एमालेसँग साझेदारी गरेर गल्ती गरेको समीक्षा गरेको दाहालले दाबी गरे। 'हामीले के समीक्षा गरेका छौं भने तपाईंहरूजस्ता पार्टीहरू जो यो देशका दलाल, पुँजीपति र बिचौलिया, भ्रष्टहरूको प्रतिनिधिका रूपमा रहनुभएको छ। हामीले केही समय तपाईंहरूसँग सहकार्य गरेर गल्ती गऱ्यौं भन्ने परेको छ हामीलाई,' उनले भने, 'तपाईंहरूको रोग हामीलाई पनि सऱ्यो भन्ने चिन्ता छ। हामी गम्भीर आत्मसमीक्षामा छौं।' अब समीकरण गरौं, हामीलाई मन्त्री बनाइदिनुस्, प्रधानमन्त्री बनाइदिनुस् भनेर कांग्रेस-एमालेकहाँ नजाने उनले दाबी गरे।

'हामी प्रतिक्रियावादीहरूसँग हिँड्दाहिँड्दा उस्तै हुने हो कि भन्ने खतरा पैदा भएको थियो। तपाईंहरूले हामीलाई बेलैमा निकालिदिनुभयो र जनतातिर फर्काइदिनुभयो। त्यसकारण हामी तपाईंहरूलाई धन्यवाद भनिराखेका छौं,' दाहालले भने। उनले आफ्नो भाषणका क्रममा हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई बचाउन खबरदारी सभा नगरेको दाबी गरे। पहिला संसद्मा सहकारी ठगीको विषय उठ्दा आफूले नै संसदीय छानबिन समिति बने पनि हुन्छ भन्दा प्रधानमन्त्री ओलीले हुन्न भनेको स्मरण गराए।

व्यवसायी मीनबहादुर गुरुङको भाटभटेनी सुपरमार्केटमा आफ्नो लगानी नभएको कुरा क्लियर भएको पनि दाहालले दाबी गरे। 'मलाई एउटा आरोप थियो। आरोप त धेरै लगाउने गरेका थिए प्रतिक्रियावादीले। यो भाटभटेनी भन्ने प्रचण्ड (दाहाल) को हो भनेर दुईचार वर्षदेखि,' अध्यक्ष दाहालले भने, 'म होइन भन्छु, पत्याउने कसैले होइन। प्रचण्डकै हो भनेर हिँड्याछन् मान्छेहरू। अब हाम्रो नेतृत्वको सरकारले गिरफ्तार गर्दा पनि प्रचण्डकै हो भन्याथे उनीहरूले। म हैरान थिए, यो के गरी क्लियर गर्ने भनेर।' अहिले प्रधानमन्त्री ओलीले क्लियर गरिदिएको अध्यक्ष दाहालले बताए। यस्तै पछिल्लो समय आफूले पूर्वराजा ज्ञानेन्द्र शाहसँग भेटेको भन्ने हल्लामा सत्यता नभएको पनि दाहालले प्रस्टीकरण दिए।


## नेपाल निजामती कर्मचारी युनियन

केन्द्रीय कार्यसमिति

### उपहार योजना -२०८१ को नतिजा सम्बन्धी सूचना

मिति २०८१/०७/१० गते खोलिएको उपहार योजना -२०८१ कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको रसिद नं. लाई पुरस्कार परेकोले २०८१ साल मंसिर १ गतेदेखि मंसिर मसान्तसम्म परिचय खुल्ने कागजात र उपहार परेको रसिद सहित युनियनको केन्द्रीय कार्यालयमा सम्पर्क गरी आ-आफ्नो पुरस्कार लिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

प्रथम पुरस्कार - १८४५६, दोस्रो पुरस्कार - २२६११, तेस्रो पुरस्कार - ४१८१६, चौथो पुरस्कार - ४२११२, पाँचौं पुरस्कार -३०८६२,छैठौं पुरस्कार -३९१०६, सातौं पुरस्कार -१९७६२, २३७५, ९७८२, ५८६०, ५२१९७, आठौं पुरस्कार- १८२७६, २००५५, ४४५३८, १३५२३, ३१४८१, ४२१२१, १३०७८, ३०१७४, १००९८, २६५३, ५१९८१, ३३३१३, १५४४३, २८४९८, १२७८०, ३३३४०, ३९४३०, २०८०७, २७४८२, २६४०६, नवौं पुरस्कार- ९३९४, ५०५१४, ४००३१, ३१९८९, १३८४६, ११२२२, ४७६३२, १४७६६, ४६८९६, १२४४०, ४२२७८, ९५१३, १३४०२, २९४०२, ३४०७६, ३०५४१, ३१८८५, २६९७४, ४२९५७, १७७४७

विशेष पुरस्कार (मोबाइल सेट)-३८३१५, ४००५९, ३९८१४, ३९४७०, ४१०४६, ४१३६०, ४१६७०, ४२००३, ४२०७३, ३९२४७, ३९१०७, २६४, ३७५२३, ३७७८३, ३८०७२, ३७७२५, ३८५५८, ३८९२०, ५२६५०, ४२३२७, २८३८६, २४३७१, २३९८८, १९३२७, १८४११,१७५०७, १६९५६, १६६१६, १५४०५, १४८३४, १२९८५, १०५६३, २९८९९, ३०२४६, ९७३०, ९९०३, ९५०२, ९००८, ८४३०, ११५३, १३६३, ७३०९, ७८४५, ४९७००, १४६०७, १४४३३, १३६५४, १३१८९, १२४१४, ११८१४, ११५१६, १०९०१, ३६७५, ३४१९, २७८२, २२४७, ४७३९५, ४५५६०, ४५८३९, ४७८६०, ४७०७१, ३२११४, ४४४८३, ३४८६३, ३४०२३, ३३८५८, ३५६४५, ५१७९२, ३५१८३, २५१२६, २४६२३, २२९२२, २२६२१, २२३६०, २१६३७, २१३०९, २०७४२, १९७६७, १९९०७, १८९४९, १८०९८, १७३२४, २५४२९, २५६११, २६५१०, ३४५९३, ३३५०३, ३३२९५, ३२८८८, ३२४२३, ३१८१५, ३१३८०, ३०५५५, २९६५५, २९१७१, २७७७४, २७१३४, २६७३३, १६१५४, १६०२६, ६९४७, ६६३४, ६१२९, ५६०४, ४८१०, ५११७

विशेष पुरस्कार (राइस कुकर)- ४०८८३, ४०९३९, ४१५३३, ३८२४१, ३८५३५, ४२३९६, ४२४४९, १७४१, ४२९०

विशेष पुरस्कार (आइरन)-४१८५३, ३७६०६, ३७७६६, ३८१४६, ३८७५१, ४१४८०, ५०९७५

नोटः नतिजा सम्बन्धी विवरण केन्द्रीय कार्यालयको वेबसाइट www.necseu.org.np मा पनि हेर्न सकिने छ।



Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

## Sikta Irrigation Project

Nepalgunj, Banke

### Invitation for Online Bids

**First date of Publication: 2081/07/11 (27th Oct, 2024)**

1. Department of Water Resources and Irrigation, Sikta Irrigation Project, Banke invites the **online bids only** under e-procurement system from eligible bidders for the construction of projects mentioned below under National Competitive bidding. All the information and documents can be obtained from **PPMO's website www.bolpatra.gov.np/egp**. Interested eligible bidders are requested to submit **E-Bid only** as per instruction within the mentioned period.

| S.N. | Contract No. | Bid Security Amount (NRs) | Cost of Bid Document (NRs) | Key Qualification Requirement | | |
|---|---|---|---|---|---|---|
| | | | | Avg. Annual Turnover | Similar Nature contract | Cash Flow (credit line) |
| 1 | SIP/CAD/PED/NCB-01/081-82 (Construction of Sub-branch, Tertiary canals and water-courses of Pedari Branch Canal and related Structures, Sikta Irrigation Project, Banke) | 20,00,000 | 5,000 | 65.99 million | 44.09 million (at least one) | 11.02 million |
| 2 | SIP/WMC/NCB-02/081-82 (Structural Protection and Maintenance Works at various chainages along Western Main Canal) | 15,00,000 | 5,000 | 57.21 million | 30.67 million (at least one) | 9.58 million |
| 3 | SIP/CAP/NCB-03/081-82 (Command area protection at Binauna by channelization and protection of Escape at 18+400 of EMC, Banke) | 9,00,000 | 5,000 | 45.75 million | 12.20 million (at least one) | 7.63 million |
| 4 | SIP/CAP/NCB-04/081-82 (Command area protection works at Dunduwa River, Banke) | 19,00,000 | 5,000 | 64.61 million | 38.77 million (at least one) | 10.77 million |
| Last Date & time of Bid Submission: **2081/08/11 (26th Nov., 2024)** (12:00 Noon) | | | | | | |
| Bid Opening date & time: **2081/08/11 (26th Nov., 2024)** (14:00 PM) | | | | | | |

2. Other things not mentioned in this notice will be accordance with the prevailing Public Procurement Act 2063 and Public Procurement Regulation 2064. (For further information contact no. 9860799723, 081-550570)

**Project Director**



नेपाल सरकार
शहरी विकास मन्त्रालय
**शहरी विकास तथा भवन निर्माण विभाग**

## सघन शहरी तथा भवन निर्माण आयोजना

सप्तरी, राजविराज

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/०७/११

यस आयोजनाबाट मिति २०८१/०५/१३ मा अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिका तथा www.bolpatra.gov.np/egp मा प्रकाशित तपसिलमा उल्लेखित खरिद नं. सँग सम्बन्धित निर्माण कार्यको लागि E-bid मार्फत बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र E-bid मार्फत कार्यालयमा दर्ता भएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्वीकृतिको आशय प्रयोजनको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोही ऐनको दफा ४७ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०० को प्रयोजनको लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

तपसिलः

| क्र.सं. | बोलपत्र दाताको नाम ठेगाना | कामको विवरण | कबोल अंक (मू.अ.कर बाहेक तथा प्रोभिजनल रकम सहित) रु. |
|---|---|---|---|
| १ | सिद्धार्थ निर्माण सेवा, कोल्हवी-२, बारा | PUDBC/SAPTARI/WORK/NCB/01/2081-082 | ५८,८५,०८७.०० |
| २ | सिद्धार्थ निर्माण सेवा, कोल्हवी-२, बारा | PUDBC/SAPTARI/WORK/NCB/02/2081-082 | ५८,५४,५८९.०१ |
| ३ | शिवशक्ति निर्माण, त्रियुगा-८, चुहाडे, उदयपुर | PUDBC/SAPTARI/WORK/NCB/03/2081-082 | ५२,८३,३२४.९१ |
| ४ | बि एण्ड बि निर्माण सेवा, चौदण्डी, उदयपुर | PUDBC/SAPTARI/WORK/NCB/04/2081-082 | ६५,४७,१४०.६३ |
| ५ | भिष्म निर्माण सेवा, त्रियुगा-११, उदयपुर | PUDBC/SAPTARI/WORK/NCB/05/2081-082 | ६८,०३,६७६.६० |
| ६ | परिक कन्सट्रक्शन एण्ड कन्सलटान्ट ग्रुप, बोदेबर्साइन-६ | PUDBC/SAPTARI/WORK/NCB/06/2081-082 | ५५,१७,४५०.७० |
| ७ | जल्पा भेरव शान निर्माण सेवा प्रा.लि., राजविराज-८ | PUDBC/SAPTARI/WORK/NCB/07/2081-082 | ५१,१८,८९६.०० |
| ८ | जल्पा भेरव शान निर्माण सेवा प्रा.लि., राजविराज-८ | PUDBC/SAPTARI/WORK/NCB/08/2081-082 | ४९,९३,१२४.६५ |
| ९ | जल्पा भेरव शान निर्माण सेवा प्रा.लि., राजविराज-८ | PUDBC/SAPTARI/WORK/NCB/09/2081-082 | ५१,२९,५०७.०० |
| १० | निर्माण इन्फ्रास्ट्रक्चन एण्ल सप्लायर्स, गोलन्जर-७, सिन्धुली | PUDBC/SAPTARI/WORK/NCB/10/2081-082 | ५४,६२,७१७.०० |
| ११ | तानिश्का कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि., काठमाडौं-३१ | PUDBC/SAPTARI/WORK/NCB/11/2081-082 | ५५,१५,१७८.७८ |
| १२ | एभियन निर्माण सेवा, सिरहा-७, सिरहा | PUDBC/SAPTARI/WORK/NCB/12/2081-082 | ५३,४९,४०६.२० |
| १३ | जल्पा भेरव शान निर्माण सेवा प्रा.लि., राजविराज-८ | PUDBC/SAPTARI/WORK/NCB/13/2081-082 | ९८,९६,५३६.४४ |
| १४ | शिवा कन्सट्रक्शन, जनकपुरधाम, धनुषा | PUDBC/SAPTARI/WORK/NCB/14/2081-082 | ५१,६३,२६५.०९ |
| १५ | सुख शान्ति निर्माण सेवा, बडहरामाल-३, सिरहा | PUDBC/SAPTARI/WORK/NCB/15/2081-082 | ५१,४५,८१६.१९ |
| १६ | बेरीटेक इन्फास्ट्रक्चर प्रा.लि., कोटेश्वर, काठमाडौं | PUDBC/SAPTARI/WORK/NCB/16/2081-082 | ५७,७३,६२८.२५ |
| १७ | आर.सि. निष्ठा कन्सट्रक्शन एण्ड सप्लायर्स, सर्लाही | PUDBC/SAPTARI/WORK/NCB/17/2081-082 | ५६,३७,५२८.३४ |
| १८ | सरोज एण्ड ब्रदर्श कन्सट्रक्शन, लहान-१, सिरहा | PUDBC/SAPTARI/WORK/NCB/18/2081-082 | ५३,३२,९७७.०१ |
| १९ | एभियन निर्माण सेवा, सिरहा-१४ | PUDBC/SAPTARI/WORK/NCB/19/2081-082 | ७५,५२,१०२.७० |
| २० | जल्पा भेरव शान निर्माण सेवा, प्रा.लि., राजविराज-८, सप्तरी | PUDBC/SAPTARI/WORK/NCB/20/2081-082 | ५२,५४,१६८.०० |
| २१ | सरोज एण्ड ब्रदर्श कन्सट्रक्शन, लहान, सिरहा | PUDBC/SAPTARI/WORK/NCB/21/2081-082 | ६१,९७,१७७.०७ |
| २२ | अंजली निर्माण सेवा, धनगढीमाई न.पा.-११, सिरहा | PUDBC/SAPTARI/WORK/NCB/22/2081-082 | ५९,८३,९३२.१७ |
| २३ | आर.सि. निष्ठा कन्सट्रक्शन एण्ड सप्लायर्स, लालबन्दी-७, सर्लाही | PUDBC/SAPTARI/WORK/NCB/23/2081-082 | ६५,१३,१८२.१० |
| २४ | आदर्श निर्माण सेवा, लहान, सिरहा | PUDBC/SAPTARI/WORK/NCB/24/2081-082 | ५८,७२,२६१.५० |
| २५ | शिवा कन्सट्रक्शन, जनधपुरधाम, धनुषा | PUDBC/SAPTARI/WORK/NCB/25/2081-082 | ४५,१०,६३१.०८ |

**आयोजना प्रमुख**